# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजका हजूरमा मन्त्रिपरिषद्ले त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पस तथा केही शिक्षालयहरूमा हाल भएका विद्यार्थी हडताल बारे एक जानकारी बिन्ती चढाएको थियो । यसै सिलसिलामा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले पनि राष्ट्रिय पञ्चायतका सदस्य तथा वरिष्ठ पञ्च कार्यकर्ताहरूसमेत बसी विस्तृत छलफल गरी विद्यार्थीहरूको समस्या समाधानका निमित्त मौसूफबाट शाही आयोगसमेत गठन हुन चढाई पठाएको बिन्ती-पत्रको व्यहोरा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट देहायका कुराहरू गर्न गराउन हुकुम बक्सेको छ :–

१. विद्यार्थी हडतालको प्रकृति, प्रकृया र यस सिलसिलामा विभिन्न ठाउँमा घटेका घटनाहरूको निस्पक्ष जाँच गरी त्यसको समाधानका निमित्त सुझावसहित प्रतिवेदन चढाउन मौसूफबाट न्यायिक समितिका अध्यक्ष तथा सर्वोच्च अदालतका न्यायाधीश श्री धनेन्द्रबहादुर सिँहको अध्यक्षतामा सर्वोच्च अदालतका न्यायाधीश सरदार श्री ईश्वरीराज मिश्र, राष्ट्रिय पञ्चायतका उपाध्यक्ष श्री लोकेन्द्रबहादुर चन्द, भू.पू. मन्त्री श्री सुरेन्द्रबहादुर बस्नेत तथा त्रिभुवन विश्वविद्यालयका भू.पू. उप-कुलपति श्री सूर्यबहादुर शाक्यसमेत भएको एक शाही आयोग गठन गरिबक्सेको छ ।

२. शाही आयोगले आफ्नो कर्तव्य पालन गर्न जो चाहिने कानूनी अधिकार अदालतलाई भएसरह नेपाल कानूनको सबै अधिकार प्राप्त हुनेछ र आवश्यकता अनुसार विशेष अदालत ऐन, २०३१ को समेत सबै अधिकार प्रयोग गर्न सक्नेछ । आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ र आयोगको कार्य समाप्त भएपछि स्वतः विघटन हुनेछ ।

३. कुनै फौजदारी मुद्दामा कारवाई नभएका यो हडतालको सिलसिलामा पक्राउ परेका विद्यार्थीहरूलाई तुरुन्त रिहाई गरिदिने ।

४. विद्यार्थीहरूलाई पूर्ववत् पठन-पाठनको निमित्त उचित व्यवस्था मिलाई शैक्षिक संस्थाहरू खोल्ने व्यवस्था मिलाई दिने ।

५. विद्यार्थीहरूको हितसंग सम्बद्ध जायज मागहरूको सहानुभूतिपूर्वक छानबीन गरी सम्बन्धित निकायबाट कारवाई गराई पूरा गराउने ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

११६

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।